लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693

कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौ
फोन : ०१-४०१२६१३, ०१-४०१२६१४, www.licnepal.com.np

# १७औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

**शेयरधनी महानुभावहरू,**

यस लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको संचालक समितिको निर्णय अनुसार यस कम्पनीको १७औं वार्षिक साधारण सभा निम्नलिखित मिति, स्थान र समयमा देहायका उल्लेखित विषयहरू उपर छलफल तथा निर्णय गर्न वस्ने भएको हुँदा सवै शेयरधनी महानुभावहरूको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**(क) सभा हुने मिति, समय र स्थान :**

| | |
|---|---|
| मिति | : २०७६ साल श्रावण २४ गते शुक्रवार (तद्नुसार ९ अगष्ट, २०१९) |
| समय | : विहान ९.३० बजे |
| रजिष्ट्रेशन | : विहान ८.०० वजेबाट शुरु |
| स्थान | : नेपाल पुलिस क्लबको सभाहल, भृकुटीमण्डप, प्रदर्शनी मार्ग, काठमाण्डौ । |

**छलफलका विषयहरू :**

**(ख) साधारण प्रस्तावहरू :**

(१) संचालक समितिको अध्यक्षद्वारा संचालक समितिको वार्षिक प्रतिवेदन २०७४/०७५ प्रस्तुत गरी अनुमोदन गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७४/०७५ को वासलात, आय-व्यय हिसाव र सोहि अवधिको नगद प्रवाह विवरणमाथि छलफल गरी पारित गर्ने ।

(३) लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७५/७६ को लागि लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने (हाल वहाल रहनु भएका लेखापरीक्षक मदन निरौला एण्ड कम्पनीका चार्टड एकाउन्टेन्ट श्री मदन निरौला पूनः नियुक्तिका लागि योग्य हुनुहुन्छ ) ।

(४) संचालक समितिबाट प्रस्तावित नगद लाभांस रु. ५३,१२,२५,९६०।०० (चुक्ता पूँजीको ३५.५३७३४०८८ प्रतिशत) शेयरधनीहरूलाई वितरण गर्ने प्रस्ताव पारित गर्ने ।

(५) संस्थापक शेयरधनीतर्फबाट नियुक्त सञ्चालकहरूको नियुक्तिलाई अनुमोदन गर्ने ।

**(ग) विशेष प्रस्तावहरू :**

(१) संचालक समितिवाट प्रस्तावित हालको चुक्ता पूँजी रु. १,४९,४८,३८,८००।०० मा रु. ५१,५१,६१,२००।०० (चुक्ता पूँजीको ३४.४६२६५९१२ प्रतिशत) शेयरधनीहरूलाई बोनस शेयरको रुपमा वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै, कम्पनीको हालको अधिकृत पूँजी, जारी पूँजी तथा चुक्ता पूँजी शीर्षकहरू प्रत्येकमा रहेको रु. १,४९,४८,३८,८००/- लाई बृद्धि गरी रु. २,०१,००,००,०००/– कायम गर्ने प्रस्ताव स्वीकृत गर्ने । बोनस वितरणपछि कायम हुन आउने दशमलवपछिको अंकलाई सम्बन्धित शेयरधनीको नाममा पछि समायोजन गर्ने गरी यथावत राख्ने प्रस्ताव समेत स्वीकृत गर्ने ।

(२) पूँजी बृद्धि सम्बन्धमा कम्पनीको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्न प्रस्ताव पारित गर्ने ।

(३) कम्पनीको नियमावलीको नियम ६ मा एक जना स्वतन्त्र संचालक र कम्तीमा एक जना महिला संचालक सहित ६ जना संचालकहरू रहने संशोधन प्रस्ताव पारित गर्ने ।

(४) कम्पनीको नियमावलीको नियम १३.१८ मा दुई बैठकहरूको समय अन्तर ३ महिनाभन्दा बढी नहुने गरी संचालक समितिको बैठक प्रत्येक वर्ष कम्तीमा ६ पटक बस्ने र संचालक समितिले लिखित सहमति (सर्कुलर रेज्युलुशन) बाट पनि निर्णय गर्न सक्ने संशोधन प्रस्ताव पारित गर्ने ।

(५) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा कम्पनीको रजिष्टर्ड (कर्पोरेट) कार्यालय काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. २८, पुतलीसडकस्थित स्टार मल (चौथो तल्ला) मा रहने गरी संशोधन प्रस्ताव पारित गर्ने ।

(६) कम्पनीको प्रबन्धपत्र र नियमावलीमा प्रयोग भएको शब्द 'श्री ५ को सरकारको' स्थानमा 'नेपाल सरकार' र 'मुन्शी' शब्दको स्थानमा 'बीमाङ्की' शब्द प्रयोग गर्ने संशोधन प्रस्ताव पारित गर्ने ।

(७) संचालक समितिका अध्यक्ष र सदस्यहरूको बैठक भत्ता बृद्धि गर्ने प्रस्ताव पारित गर्ने ।

(८) कम्पनीका प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन गर्ने सन्दर्भमा नियमनकारी निकायहरू (कम्पनी रजिष्ट्रारको कार्यालय, बीमा समिति, नेपाल धितोपत्र बोर्ड, आदि) वाट प्राप्त सुझाव वा निर्देशन अनुरुप आवश्यक समायोजन वा फेरवदल गर्न संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(९) श्री बीमा समितिबाट जारी भएको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७५ को निर्देशन नं. १२(२) बमोजिम प्रमुख कार्यकारी अधिकृतको पारिश्रमिक अनुमोदन गर्ने ।

(१०) कम्पनी ऐन, २०६३ को दफा १०५ (१ ग) बमोजिम आ.व. २०७४/०७५ मा चन्दा शिर्षक अन्तर्गत भएको खर्च अनुमोदन गर्ने ।

(घ) (१) अध्यक्षको अनुमतिले अन्य कुनै विषयहरू ।

**संचालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

# साधारण सभा सम्बन्धी थप जानकारी

१. यस १७औं वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७६/०४/०९ गतेदेखि २०७६/०४/२४ गतेसम्म बीमकको शेयर दाखिला खारेजको काम बन्द रहनेछ । मिति २०७६/०४/०९ गतेभन्दा अघिल्लो दिनसम्म नेपाल स्टक एक्सचेन्ज लि. वा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा शेयर कारोबार भई सोको ७ कार्य दिनभित्र यस बीमकको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट एण्ड बैकिङ्ग लि.मा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयर दाखिल खारेज भई शेयरधनी दर्ता किताबमा कायम तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा प्रचलित नियम बमोजिम कायम शेयरधनीले मात्र साधारण सभामा भाग लिन र मतदान गर्न सक्नेछन् । नेपाल स्टक एक्सचेन्जमा कारोबार भई धितोपत्र व्यवसायी (सदस्य दलाल) को Pool Account मा रहेको शेयरको आधारमा शेयरधनी कायम नहुने भएकाले उल्लिखित मितिभित्र शेयरधनीको खातामा समावेश गर्न समेत सम्बन्धित धितोपत्र व्यवसायीलाई अनुरोध गरिन्छ ।

२. साधारण सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरूले आफ्नो परिचय खुल्ने कागजात, सभाका लागि जारी गरिएको प्रवेशपत्र र कुनै एक शेयर प्रमाणपत्र वा बैंकको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता, अर्थात हितग्राहि (डिम्याट) खाताको विवरण प्रस्तुत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाईनेछ । अन्यथा सभा स्थलमा प्रवेश पाइने छैन ।

३. सभामा भाग लिनका लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीले प्रतिनिधी-पत्र (प्रोक्सी फाराम) भरी मिति २०७६/०४/२२ गते ३:०० बजेभित्र कम्पनीको शेयर शाखा, कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा दर्ता गराइसक्नु पर्नेछ ।

४. नाबालक वा विक्षिप्त शेयरधनीको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधि तोक्न पाउने छन् ।

५. संयुक्तरुपमा शेयर खरिद गरिएको अवस्थामा लगत कितावमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउने छन् ।

६. प्रतिनिधी (प्रोक्सी) नियुक्त गरिसक्नुभएको शेयरधनी आफै सभामा उपस्थित भई हाजिरी किताबमा दस्तखत गर्नु भएमा अघि दिइएको प्रोक्सी स्वतः बदर हुनेछ ।

७. एक जना शेयरधनीले एकभन्दा बढीलाई प्रतिनिधी (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधी (प्रोक्सी) दिने शेयरधनीले आफुले अघि दिएको प्रतिनिधी (प्रोक्सी) बदर गरेको व्यहोरा स्पष्ट उल्लेख गरी छुट्टै निवेदन दिई अर्को शेयरधनीलाई प्रतिनिधी (प्रोक्सी) नियुक्त गरेमा त्यसरी नियुक्त भएको प्रतिनिधीले सभामा भाग लिन र मतदान गर्न पाउनेछ । यस्तो अवस्थामा अघिल्लो प्रतिनिधी (प्रोक्सी)स्वतः बदर भएको मानिनेछ ।

८. छलफलको विषयमध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीहरूले सभा हुनुभन्दा ७ दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत लिखितरुपमा सञ्चालक समितिको अध्यक्षलाई जानकारी दिनुपर्नेछ ।

९. शेयरधनीहरूले व्यक्त गरेको मन्तव्य वा प्रश्नहरूका सम्वन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रुपले उत्तर दिइनेछ ।

१०. साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयभित्र बीमकको कर्पोरेट कार्यालय स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।

११. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरू सभास्थलमा आउँदा झोला (ब्याग) जस्ता वस्तुहरू नलिई आउनु हुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले सुरक्षा जाँच गर्नसक्ने भएको हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

नोट : आ.ब. २०७४/०७५ को वार्षिक विवरण, संचालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन शेयरधनीहरूले यस कर्पोरेशनको कर्पोरेट कार्यालय, स्टारमल (चौथो तल्ला), पुतलीसडक, काठमाण्डौमा आई निरीक्षण गर्नसक्ने व्यहोरा सूचित गरिन्छ ।